# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ६] काठमाडौं वैशाख १० गते २०१६ साल [अांतरिक्ताङ्क १

श्री ५ को सरकार

## कानून तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्बसाधारण जनताको जानकारीका लागि प्रकाशित गरिएको छ।

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध बिरूदावली बिराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अति प्रबल गोरखादक्षिण बाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डर इन-चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र बीर बिक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समर बिजयिनाम्।

### २०१५ सालको ऐन नं. २२

### सिभिल एभिएशनलाई नियन्त्रित र व्यवस्थित गर्न बनेको ऐन

हवाई यातायातबाट राष्ट्रलाई अधिकतम फाइदा प्राप्त हुने गरी सिभिल एभिएशनको बिकाशलाई प्रोत्साहन हुने परिस्थिति सिर्जना गर्ने सिभिल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एभिएशनलाई नियन्त्रित र व्यवस्थित गर्नु आवश्यक परेकोले श्री ५ महाराजाधिराजबाट मन्त्रि-परिषद्का सल्लाह अनुसार यो ऐन बनाइ जारी गरिबक्सेको छ-

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः- (१) यस ऐनको नाम गैर सैनिक हवाई उड्डान ( सिभिल एभिएशन ) ऐन, २०१५ रहेकोछ।

(२) यो ऐन नेपाल राज्यभरमा लागू हुनेछ र देहायका वायुयान र व्यक्तिहरू उपर पनि लागू हुनेछः-

(क) जहाँसुकै रहेको भएता पनि नेपालको प्रत्येक नागरिकर।

(ख) जहाँसुकै रहेको भएता पनि नेपाल राज्यमा रजिष्टर गरिएका प्रत्येक वायुयान र त्यसमा रहेका प्रत्येक व्यक्ति।

(३) यो ऐन श्री५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिएका मितिदेखि प्रारम्भ हुनेछ।

(२) परिभाषाः- विषय वा प्रसंगबाट अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "बायुयान" भन्नाले हवाको प्रतिक्रया द्वारा वायु-मण्डलमा आधारित हुन सक्ने जुनसुकै यन्त्र सम्झनु पर्छ र यो सब्दले गासिएका वा नगाँसिएका बेलून, हवाई जहाज, चंगा, ग्लाइडर र उडने यन्त्रलाई समेत जनाउँछ।

(ख) "हवाई अड्डा" भन्नाले बायुयान प्रस्थान गर्ने वा ओर्हाल्ने कामको निमित्त पूरा वा आंशिक रूपमा प्रयोग हुने कुनै निश्चित वा समित जल वा स्थल क्षेत्र सम्झनु पर्छ र सो क्षेत्रमा रहेका वा सो क्षेत्र संग सम्बन्धीत सबै भवन, टहरा, जहाज, डुंगा, घाट र अरू इमारतहरूलाई समेत जनाउछ।

(ग) "पठारी" भन्नाले नेपाल राज्य भित्र ल्याउने काम सम्झनु पर्छ।

(घ) "निकासी" भन्नाले नेपाल राज्य बाहिर लैजाने काम सम्झनु पर्छ।

३. नियम बनाउने अधिकारः- (१) श्री ५ को सरकारले नेपाल गजेटमा प्रकाशित नियम द्वारा कुनै वायुयान वा कुनै श्रेणीका वायुयान बनाउने, राख्ने प्रयोग संचालन, बिक्री, निकासी वा पैठारी गर्ने कामलाई व्यवस्थित गर्न सक्छ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी ती नियममा विशेष गरेर देहायका कुराहरूको व्यवस्था गर्न सकिनेछ—

(क) यो ऐन अन्तर्गत दिइएको अधिकार प्रयोग गर्ने अधिकारी र त्यस्ता अधिकार प्रयोग गर्नमा हद बन्देज,

६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) हवाई यातायात सेवालाई नियमित गर्ने, र हवाई यातायात सेवा खडा गर्न पाउने लाइसेन्स प्राप्त नगरी र त्यस्तो लाइसेन्स पाएकाले पनि त्यसमा लेखिएको शर्तबमोजिम बाहेक त्यस्तो सेवामा वायुयानको प्रयोग गर्न मनाही गर्ने,

(ग) हवाई यातायात सेवा खडा गर्न पाउने लाइसेन्स प्राप्त गर्न चाहने वा प्राप्त गरेका व्यक्तिले नियममा तोकिएको अधिकारी छेउ दाखिल गर्नु पर्ने विवरण,

(घ) हवाई अड्डाको अनुमति दिने, त्यस्तो अड्डालाई निरीक्षण र नियमित गर्ने, हवाई अड्डा राख्न पाउने अवस्था त्यसमा लाग्ने फी र लाइसेन्स नभएका हवाई अड्डाहरूको प्रयोगलाई मनाही वा नियमित गर्ने,

(ङ) वायुयान बनाउने, मरमत गर्ने, हेरचाह गरी दुरुस्त राख्ने काम र त्यस्तो काम भैरहेको वा वायुयान राख्ने स्थानलाई निरीक्षण र नियन्त्रण गर्न,

(च) वायुयानको रजिष्टेशन र मार्किङ्ग गर्ने काम,

(छ) वायुयानको उडान गर्न र वायुयानबाट यात्री, डाँक वा मालसामान ओसार्न वा औद्योगिक कामको निमित्त वायुयानको प्रयोग गर्न पाउने अवस्था र वायुयानको साथमा राख्नुपर्ने प्रमाणपत्र, लाइसेन्स वा अरू लिखतहरू,

(ज) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरू लागू गर्न वायुयानको निरीक्षण गर्ने र त्यस्तो निरीक्षण गर्ने कामको लागि दिनुपर्ने सुविधा,

(झ) वायुयान बनाउने, सञ्चालन गर्ने, मरमत गर्ने वा हेरचाह गरी दुरुस्त राख्ने काममा लगाइएका व्यक्तिहरूको लाइसेन्स,

(ञ) वायुयानले नेपाल राज्यभित्र प्रवेश गर्न, नेपालबाट प्रस्थान गर्न वा, नेपाल राज्य माथि उडान गर्न पाउने अवस्था हवाई मार्गहरू र वायुयान ओह्राल्ने स्थानहरू,

(ट) श्री ५ को सरकारद्वारा तोकिएको क्षेत्र माथि वायुयान उडाउन बिलकुल मनाही गर्ने वा तोकिएको अवस्था र समयमा मात्र उडाउन पाउने गर्ने,

(ठ) हवाई अड्डामा वा त्यसको आसपासमा वा हवाई मार्गमा वा त्यसको आसपासमा हवाइमार्ग दर्शक, हवाई अड्डा प्रकाश र अरू प्रकाशको सप्लाई रेखदेख र नियन्त्रण,

(ड) हवाई अड्डाको आसपासमा वा हवाई मार्गमा वा त्यसको आसपासमा रहेका कुनै व्यक्तिको निजी घर जग्गामा निजले वा सो घर जग्गाको भोग चलन गर्ने व्यक्तिले प्रकाशको प्रबन्ध गर्ने र त्यसलाई हेरचाह गरी

(अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दुरुस्त राख्ने, त्यस्तो प्रवन्ध र हेरचाहको निमित्त श्री ५ को सरकारले खर्च दिने र त्यसको रेखदेख र नियन्त्रण गर्ने र सो कामको निमित्त त्यस्तो घर जग्गामा प्रवेश गर्ने गराउने श्री ५ को सरकारको अधिकार,

(ढ) बायुयान द्वारा वा वायुयानमा संचारको प्रयोजनको निमित्त प्रयोग गरिने सिग्नल र त्यस्तो सिग्नल दिंदा प्रयोग हुने यन्त्र,

(ण) श्री ५ को सरकारद्वारा तोकाएका पदार्थलाई बायुयानद्वारा ओसारपसार गर्न मनाही र नियमित गर्ने,

(त) क्र्यू ज्यानको रक्षाको लागि चाहिने साधारण व्यवस्था,

(थ) वायुयानको रोजनामचा (लग-बूक) दिने र राख्ने,

(द) यो ऐन वा यस ऐन अन्तगत बनेका नियम अन्तर्गत लाइसेन्स वा प्रमाणपत्र दिने र त्यसलाई रिन्यू गर्ने तरिका र अवस्था, त्यस सम्बन्धमा लिइने परीक्षा तथा जाँच, त्यस्तो लाइसेन्स वा प्रमाणपत्र वा बायुयानको रोजनामाचाको ढाँचा, त्यसको जिम्मा दिने, त्यसलाई पेश गर्ने, दरपीठ गर्ने, रद्दी गर्ने, स्थगित गर्ने वा फिर्ता बुझाउन गर्ने,

(ध) यो ऐन अन्तर्गत दिइएको वा रिन्यू गरिएको लाइसेन्स वा प्रमाणपत्र वा लिइएको परीक्षा तथा जाँचको सम्बन्धमा लिइने फी,

(न) बायुयानका सम्बन्धमा वा वायुयान बनाउने, संचालनगर्ने, मरम्मत गर्न वा हेरचाह गरी दुरुस्त राख्ने काममा लगाइएका व्यक्तिहरूको योग्यताका सम्बन्धमा नेपाल राज्य बाहेक अन्यत्र दिइएका लाइसेन्स र प्रमाणपत्रलाई यो ऐनको प्रयोजनको निमित्त मान्यता दिने र,

(प) यस उपदफामा लेखिएका कुराहरूलाई सहायक हुने वा आकश्मिक अरू कुनै कुरा ।

४. विशेष परिस्थितिमा आदेश जारी गर्ने श्री ५ को सरकारको अधिकारः—

(१) सार्वजनिक सुरक्षा एव शान्ति सुव्यवस्थाको निमित्त आवश्यक देखेमा श्री ५ को सरकारले नेपाल गजेटमा प्रकाशित आदेशद्वारा देहाय बमोजिम गर्न सक्छ–

(क) यो ऐन अन्तर्गत दिइराखेको सबै वा कुनै लाइसेन्स वा प्रमाणपत्र लाई सो आदेशमा श्री ५ को सरकारले आवश्यकठानी कुनै शर्त तोकी- दिएको भए सोही शर्त बमोजिम र कुनै शर्त तोकि नदिएको भए बिना कुनै शर्त रद्दी वा स्थगित गर्न,

(ख) नेपाल राज्यभर वा त्यसको कुनै भाग माथि सबै वा कुनै श्रेणीको बायुयान उडाउने कामलाई सो आदेशमा श्री ५ को सरकारले आवश्यक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ठानी कुनै शर्त तोकि दिएको भए सोही शर्तबमोजिम र कुनै शर्त तोकिनदिएको भए बिना कुनै शर्त निषेध गर्न वा सोही आदेशमा तोकिएको अन्य तरिका बमोजिम व्यवस्थित गर्न,

(ग) हवाइअड्डा, वायुयान कारखाना, हवाइ स्कूल वा क्लब वा वायुयान बनाउने, मरमत हुने वा राखिने अरुप्रकारको स्थान बनाउने हेरचाह एवं आवश्यक मरमत गरी दुरुस्त राख्ने वा प्रयोग गर्ने कामलाई कुनै शर्त राखि वा नराखि निषेध गर्न वा व्यवस्थित गर्ने,

(घ) कुनै वायुयान वा कुनै श्रेणीका वायुयान, वा कुनै हवाईअड्डा, वायुयान कारखाना, हावाइस्कूल वा क्लबलाई वा वायुयान बनाउने,- मरमत गर्ने वा राख्ने अरू प्रकारको स्थानलाई वायुयानको संचालन, उत्पादन, मरमत वा हेरचाहको निमित्त प्रयोग हुने यन्त्र,प्लाण्ट वा अरू पदार्थहरू सहित तुरुन्त वा सोही आदेशमा तोकिएको समय भित्र तोकिएको तरिका बमोजिम तोकिएको अधिकारीका जिम्मामा सुम्पन निर्देश दिने, त्यसरी सुम्पिएका कुराहरूलाई श्री ५ को सरकारले सार्वजनिक सेवामा प्रयोग गर्न सक्ने।

(२) उपदफा (१) को खण्ड (ग) वा (घ) अन्तर्गत निकालिएको कुनै आदेशी बाट कुनै व्यक्तिलाई प्रत्यक्ष रूपबाट कुन हानी वा नोक्सानी हुनगएमा श्री ५ को सरकारद्वारा सो कामको निमित्त नियुक्त अधिकारीले निर्धारित गरेको क्षतिपूर्तिको रकम सो हानी वा नोक्सानी बापत निजलाई दिइनेछ।

(३) उपदफा (१) अन्तर्गत निकालिएको कुनै आदेशको पालनको लागि श्री ५ को सरकारले आफूले आवश्यक ठानेको कदम उठाउन वा उठाउन लगाउन सक्छ।

(४) कुन व्यक्तिले उपदफा (१) अन्तगत निकालिएको कुन आदेशको पालन गर्न इन्कार गरेमा वा पालन नगरेमा वा त्यस्तो आदेशको उल्लंघन हुने कुनै कार्य गरेमा निजलाई तीन बर्षसम्म कैद वा पांच हजार रूपैयां सम्म जरिवाना वा दुबै सजाय हुनेछ र निजलाई दोषी प्रमाणित गर्ने अदालतले सो अपराध संग सम्बन्धित गन वायुयान वा पदार्थ भए त्यसको सबै वा केही भाग समेत जफत गरी श्री ५ को सरकार अधीन हुने आदेश दिन सक्छ।

५. दुर्घटनाको जांचको सम्बन्धमा नियम बनाउने श्री ५ को सरकारका अधिकार:-

(१) नेपाल राज्य माथि वायुयान उडाउँदा भएको वा नेपाल राज्यभित्र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रजिष्ट्रेशन भएका वायुयान अन्यत्र उडाउँदा भएको जांचको सम्बन्धमा श्री ५ को सरकारले नियम बनाउन सक्छ । नियमहरू नेपाल गजेटमा प्रकाशित भएपछि लागू हुनेछन् ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्व सामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी ती नियममा देहायका कुराहरूको व्यवस्था गर्न सकिनेछ-

(क) दुर्घटनाको सूचना दिने, त्यस्तो सूचनाको ढाँचा र त्यस्तो सूचना दिने व्यक्ति,

(ख) दुर्घटनाको जांचगर्ने सम्बन्धमा तत्काल लागू रहेका नेपाल कानूनका कुराहरू केही हेरफेर भई वा नभई त्यस्तो दुघटनाको जांच गर्ने सम्बन्धमा पनि लागू गर्ने,

(ग) जांच भै नसकेसम्म त्यस्तो दुर्घटना भएको वायुयानमा प्रवेश गर्न वा हातहाल्न मनाही गर्ने र त्यस्तो जाँचको निमित्त सो वायुयानमा प्रवेश गर्न, त्यसको जाँचगर्न, त्यसलाई हटाउने, त्यसको हिफाजतको लागि चाहिने काम गर्न वा अरू प्रकारबाट त्यसको व्यवहार गर्न पाउने अधिकार कुनै व्यक्तिलाई दिने, र

(घ) दुर्घटनाको जांचमा आवश्यक देखिए यो ऐन अन्तर्गत दिइएको वा मान्यता दिइएको लाइसेन्स वा प्रमाण प्रत्रलाई रद्दी वा, स्थगित वा दरपीठ वा फिर्ता बुझाउन लाउने, गराउने वा गराउन अधिकार दिने, र त्यस्तो जांचको प्रयोजनको निमित्त त्यस्तो कुनै लाइसेन्स पेश गर्न लगाउने ।

६. <u>वायुयान रोक्का गर्न अधिकार</u> :- (१) श्री ५ को सरकारद्वारा सो कामको निमित्त अधिकार पाएका अधिकारी ले देहाएको अवस्थामा कुनै वायुयानलाई रोक्का गर्न सक्छ :-

(क) गर्न लागेको उडानको प्रकृतिको बिचारले सो वायुयानको उडानबाट त्यसमा रहेका व्यक्ति वा अरू कुनै व्यक्तिको निमित्त वा कसैको जायज्यथामा खतरा हुने शंका लागेमा, वा

(ख) यो ऐन वा सो वायुयानका सम्बन्धमा लागू हुने नियमका कुनै कुराको पालनको लागि वा दफा ३ को उपदफा (२) को खण्ड (ञ) वा खण्ड (ट) अन्तर्गत बनेका कुनै नियमको उल्लंघन रोक्नको लागि आवश्यक लागेमा ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको अधिकारको प्रयोगको लागि सहायक हुने वा आकस्मिक सबै काम कुराहरू व्यवस्थित गर्न श्री ५ को सरकारले नियम बनाउन सक्छ। ती नियम नेपाल गजेटमा प्रकाशित भएपछि लागू हुनेछन् ।

७. सार्वजनिक स्वास्थको रक्षाको लागि नियम बनाउने श्री ५ को सरकारको अधिकार:- कुनै हवाइअड्डामा भएका वा आइपुगेका बायुयानबाट कुनै सरूवा रोग फैली सार्वजनिक स्वास्थ्यमा हुने खतराबाट बचाउको लागि र हवाइअड्डाबाट प्रस्थान गर्ने बायुयानले त्यस्तो सरूवा रोग ओसार्न नपाउने गनको लागि श्री ५ को सरकारले नियम बनाउन सक्छ । ती नियम नेपाल गजेटमा प्रकाशित भए पछि लागू हुनेछन् ।

८. सार्वजनिक स्वास्थ्थको रक्षाको लागि बिशेषाधिकार:- (१) श्री ५ को सरकारले, नेपाल राज्य वा त्यसको कुनै भागमा कुनै खतर्नाक महामारी रोग फैलेको छ वा फैलने सम्भावनाछ र बायुयानबाट त्यस्तो रोग फैले वा प्रवेश गरेबाट सार्बजनिक स्वास्थ्यमा हुने खतरा रोक्नको लागि तत्काल लागू रहेको अरू नेपाल कानून पर्याप्त छैन भन्ने आफ्नो बिचारमा लागेमा त्यस्तो खतरा रोक्नको लागि आफूलाई आवश्यक लागेको कदम उठाउन वा उठाउन लगाउन सक्छ ।

(२) त्यस्तो कुनै अवस्थामा दफा ७ ले दिएको अधिकारमा कुनै प्रतिकूल प्रभाव नपारी श्री ५ को सरकारले सो अवस्थाको निमित्त आफूले आवश्यक देखे बमोजिमका बायुयान र त्यस द्वारा ओसार पसार गरिने व्यक्ति वा माल सामान र हवाई अड्डाका सम्बन्धमा अस्थायी नियम बनाउन सक्छ । ती नियम नेपाल गजेटमा प्रकाशित भएपछि लागू हुनेछन् ।

९. यो ऐन अन्तर्गत बनेका नियम उल्लंघन गर्नेलाई दण्ड सजाय:- दफा ३, दफा ५, दफा ६, दफा ७ र दफा ८ अन्तर्गत बनेका कुनै नियम उल्लंघन गर्ने व्यक्तिलाई तीन महीना सम्म कैद वा एक हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

१०. खतरा हुन सक्ने किसिम संग बायुयान उडाउनेलाई दण्ड सजाय:- जल वा स्थल वा हवाई क्षेत्रमा रहेका कुनै व्यक्तिको निमित्त वा कसैको जाय जयथामा खतरा हुन सक्ने किसिमसंग वा श्री ५ को सरकारको सेना वा बायुयानलाई बाधा हुन सक्ने किसिमसंग कुनै व्यक्तिले जानी जानी कुनै बायुयानको उडान गरेमा निजलाई छ महीना सम्म कैद वा चार सय रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

११. अपराध गर्न दुरूत्साहन गन र प्रयत्न गर्नेलाई दण्ड सजाय:- कुनै व्यक्तिले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

99

यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम अन्तर्गत सजाय हुने अपराध गर्न अरूलाई दुरूत्साहन गरेमा वा त्यस्तो अपराध गर्न प्रयत्न गरी अपराध हुने किसिमको कुनै कार्य गरेमा निजलाई सो अपराध गरे बापत हुने सरहकै दण्ड सजाय हुनेछ।

१२. जफत गर्ने आदेश दिने अदालतको अधिकारः- दफा ३ को उपदफा (२)को खण्ड, (ट) वा खण्ड (ण) अन्तर्गत बनेका कुनै नियम अन्तर्गत दण्ड सजाय हुने अपराधमा कुनै अदालतले कुनै व्यक्तिलाई दोषी प्रमाणित गरेमा सो अदालतले अपराध संग सम्बन्धीत वायुयान वा पदार्थ जफत गरी श्री ५ को सरकार अधिन हुने आदेश दिन सक्छ।

१३. भन्सार सम्बन्धी नेपाल कानून लागू गर्ने अधिकारः- श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी माल सामानको निकासी र पैठारी सम्बन्धी प्रचलित नेपाल कानूनका सबै वा केही कुरा सोही सूचनामा तोकिएबमोजिम संशोधित रूपमा हवाई मार्ग द्वारा हुने माल सामानहरूको निकासी पैठाराका सम्बन्धमा पनि लागू हुने गर्न सक्छ।

१४. केही नालेस उजुरीहरूको सम्बन्धमा प्रतिबन्धः- कुनै व्यक्तिले जमीन माथि कुनै उचाइमा कसैको जायज्यथा माथिबाट कुनै वायुयानको उडान गरेकोमा, बतास, मौसम र अरू परिस्थितिको बिचारले त्यस्तो उडान गर्नु मनासीब रहेछ, भन्ने, त्यस्तो उडान गरेको कारणले वा त्यस्तो उडानबाट भएको साधारण दुर्घटनाको कारणले मात्र निजले अर्काको जायज्यथामा अनाधिकार प्रवेश गर्‍यो वा कसैलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट हानी नोकसानी गर्‍यो भनी कुनै देवानी मुद्दा चल्न सक्दैन।

१५ सद्भावनाले गरेकोमा बचाउः- यो ऐन अन्तर्गत गरेको भनी सम्झी सद्भावनाले गरेका कुनै कामको निमित्त कुनै व्यक्ति उपर नालेश उजुरी लाग्न वा अरू कुनै कानूनी कारबाई चल्न सक्दैन।

१६. ऐन लागू नहुनेः- श्री ५ महाराजाधिराज वा श्री ५ को सरकारको कुनै निजी वायुयान वा हवाइसेना वा त्यस्तो वायुयान वा सेनामा नियुक्त भइराखेका कुनै व्यक्तिको सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेका कुनै नियम वा निकालिएका कुनै आदेशका कुनै कुरा लागू हुने छैन।

लालमोहर सदर मिति २०१५।१२।३१

आज्ञाले-
मीनबहादुर जोशी,
श्री ५ को सरकारका का. मु. नायब सचिव,
कानून तथा संसदीय प्रबन्ध मन्त्रालय,

९२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।